नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

**पत्र संख्याः ज.यो.त.वि.शा.-२०७५/२०७६** **चलानी संख्याः** ५८३

मितिः २०७६/१/८

श्री स्थानीय तहहरु (सबै)

विषयः <u>पदपूर्तिका लागि माग फारम पठाउने सम्बन्धमा ।</u>

कर्मचारी समायोजनको कार्य सम्पन्न भईसकेको सन्दर्भमा स्थानीय तहको सेवा सञ्चालनका लागि रिक्त पदहरुमा शिघ्र पदपूर्ति गर्नुपर्ने अवस्था छ । प्रदेश लोक सेवा आयोगको गठन नभएसम्म स्थानीय तहमा रिक्त हुने पदहरुमा पदपूर्ति गर्न सम्बन्धित स्थानीय तहले यस मन्त्रालय मार्फत् लोक सेवा आयोगमा माग पठाउनु पर्ने व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५ ले गरेको छ ।

साविक स्थानीय सेवामा नियुक्ति भई त्यस स्थानीय तहमा कार्यरत कर्मचारीहरुको विवरण अद्यावधिक गर्नु भएकै होला। निजामती सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको विवरण यसै मन्त्रालयको वेवसाईटमा राखिएको छ । स्थानीय सेवामा कार्यरत भई हाल कार्यरत र समायोजन भएका कर्मचारीको विवरण यकिन गरी रिक्त हुन आउने पदहरुमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ (१) बमोजिम लोक सेवा आयोग मार्फत् पदपूर्ति गर्ने प्रयोजनका लागि हाल पदपूर्ति गर्नुपर्ने रिक्त पदहरुको तपसिल बमोजिमको माग आकृति फाराम (प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले संयुक्त रुपमा प्रमाणीकरण गरी) मिति २०७६/१/२० गतेभित्र उपलब्ध गराउन हुन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७६/१/८ को निर्णयानुसार अनुरोध छ । साथै, उक्त अवधिभित्र विवरण प्राप्त हुन नआएमा यस आ.व. मा पदपूर्तिको प्रकृया अगाडि बढाउन नसकिने व्यहोरा समेत अनुरोध छ ।

<u>तपशीलः</u>

प्रदेश नंः
जिल्लाः
स्थानीय तहको नामः

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | साविक स्थानीय तहबाट समयोजन | निजामती सेवाबाट समायोजन | जि.स.स.बाट समायोजन | अन्य सेवाबाट समायोजन | रिक्त पद संख्या | पदपूर्तिको लागि अनुरोध गरिएको पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | |

नोटः पदपूर्ति गर्नुपर्ने रिक्त पद संख्या गणना गर्दा यस आ.व. भित्र अनिवार्य अवकाश हुने, राजीनामा दिएको, मत्यु भएको र अन्य कारणले सेवाबाट बर्खास्त भई रिक्त भएका पदसमेत समावेश गरी माग गर्न सकिनेछ ।

..........................
प्रमुख प्रशासकीय अधिकृत

..........................................
अध्यक्ष/प्रमुख

पुनश्चः उल्लेखित विवरण तोकिएको अवधिभित्र यस शाखाको ईमेल ठेगाना hrd.moga@gmail.com मा समेत पठाउनुपर्नेछ।

(किरण थापा)
शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिन हुन ।